हरिनगर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
हरिनगरा, सुनसरी
प्रदेश नं. १

# भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीले निवेदन दिने सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँने र अव्यवस्थित बसोबास व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमि सम्बन्धी समस्या आयोगको ऐन व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमि सम्बन्धी समयमा आयोगको ऐन नियमावली गठन आदेश र कार्यविधिहरुको आधारमा हरिनगर गाउँपालिकाको क्षेत्र भित्र बसोवास गर्ने सम्पूर्ण भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीले देहाय बमोजिम आवश्यक कागजातहरु संकलन गरी घर दैलोमा खटिएका लगत संकलक वा वडा कार्यालयबाट तोकिएको स्थानमा गई मिति २०७८/१२/३० गते भित्र निवेदन दिनुहुन सरोकारवालाहरु सबैमा यो सूचना द्वारा जानकारी गराईएको व्यहोरा अनुरोध छ ।

| भूमिहीन दलित/भूमिहीन सुकुम्बासीको हकमा | अव्यवस्थित बसोवासीको हकमा |
|---|---|
| परिवार मूली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यरुको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य | नागरिकता प्राप्त परिवारका सबै सदस्यहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी अनिवार्य |
| परिवार मूली र परिवार मूलीको पती/पत्नी र दुवैको हालसालै खिचिएको फोटोको २/२ प्रती | परिवारमूली र निजको पती/पत्नीको हालसालै खिचेको पासपोर्ट साईजको फोटो २/२ प्रति |
| नेपाल राज्य भित्र आफ्नो र आफ्नो परिवारमा कुनै पनि सदस्यहरुको स्वामित्वमा कतै पनि जग्गा जमिन छैन, झुटा ठहरीए कानून बमोजिम सहन बुझाउन मन्जुर छ भनेको स्व घोषणा | उपभोगको प्रमाण जस्तै बसाइसराइको प्रतिलिपी, मतदाता परिचय पत्र, विद्युतपानीको महशुल बुझाएको प्रमाण, स्थानीय तहको घरधुरी कायम गरी कर संकलन गरेको प्रमाण (उपलब्ध भए सम्म) |

०६/१२/२२
तुलराज थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| आफ्नो र आफ्नो परिवारको कुनै पनि सदस्यको आय आर्जनको श्रोतबाट जग्गा प्रबन्ध गर्ने असमर्थ छु भन्ने स्व घोषणा पत्र । | आफु र परिवारको सदस्यका नाममा अन्यत्र रहेका सबै जग्गाको पुर्जाको प्रतिलिपी र सम्बन्धित स्थानीय तहले सम्पती कर प्रयोजनका लागि निर्धारण गरेको मुल्याकन सम्बन्धी स्थानीय तहको पत्र |
| सरकारी अनुदान वा सहयोगबाट यस अघि नेपाल राज्य भरी कुनै पनि सरकारी जग्गा प्राप्त नगरेको र खरिद गर्न असमर्थ छु भनी गरेको स्व घोषणा । | उपभोकको प्रमाण सम्बन्धी अन्य कागजातहरु भए सोको प्रमाणित प्रतिलिपी । |
| जग्गा धनीको पुर्जा भएको तर नदी, कटान, पहिरो, डुवान वा अन्य प्राकृतिक विपद्का कारणले आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा हेको सबै जग्गा प्रयोगमा आउने सम्भावना नभएको त्यस्तो जग्गाको हकमा नेपाल सरकारको नाममा कायम रहेको लगत कट्टा समितिको निर्णय र मालपोत कार्यालयको पत्र । | १० बर्ष भन्दा अघि देखि आवाद कमोत गरी वसेको स्व घोषणा र सो खुल्ने कागजात |
| आफ्नो आफ्नो परिवारको नाममा नम्वरी र ऐलानी जग्गा जमिन नभएको व्यक्तिको हकमा मात्र अनुसुची ३ को रातो फारम भर्ने | **नोट** :<br>१. एउटा परिवारले एक भन्दा बढी स्थानमा फारम भर्न पाईने छैन ।<br>२. फारम भर्ने कार्यका लागि कुनै पनि शुल्क लाग्ने छैन ।<br>३. ऐनको दफा ५२ घ अनुसार झुटो विवरण दिदा सजाय हुने । |
| उपभोगको प्रमाण जस्तै वसाइसराइको प्रतिलिपी, मतदाता परिचय पत्र, विद्युत पानीको महशुल बुझाएको प्रमाण, स्थानीय तहको घरधुरी कायम गरी कर संकलन गरेको प्रमाण (उपलब्ध भए सम्म) | |
| अनिवार्य रुपमा माक्सको प्रयोग गरौं । कोरोनाको जोखिमबाट बच्न सावधानी अपनाऔं । | |

**स्थानिय भूमी सम्वन्धी समस्या समाधान सहजीकरण समिति**

हरिनगर गाउँपालिका

प्रदेश न १